


अंक ६ | वर्ष २ | बैशाख ७ गते | साप्ताहिक समाचारपत्रिका



गण्डकी प्रदेशकी दोस्रो कोभिड - १९ संक्रमित वाग्लुङकी ६५ वर्षीय विरामी पूर्ण रुपमा निको भै अस्पतालबाट डिस्चार्ज भएकी छिन। पछिल्लो ४८ घण्टामा २ पटक गरिएको PCR परिक्षण परिणाम नेगेटिभ आएपछि उनलाई डिस्चार्ज गरिएको हो। उनी डिस्चार्ज भएसंगै गण्डकी प्रदेशमा संक्रमितको संख्या १ रहेको छ । उनि बाग्लुङको धौलागिरी अंचल अस्पतालको आइसोलेसन वार्डमा उपचाररत रहेकी छिन । उनको पछिल्लो पी.सी.आर परिणाम पनि पोजिटिभ आएको हुनाले अस्पतालमै राखिएको हो



वि.स २०७७ साल बैशाख १ गते सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्री नरदेवी पुन मगरज्यूको उपस्थितमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आउनु भएका चिकित्सा सेवा महाशाखाका निर्देशक डा तारानाथ पोख्रेलज्यू सहितको टोली, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्माज्यू, स्वास्थ्य निर्देशनालय र विश्व स्वास्थ्य संगठनका कर्मचारीहरु सम्मिलित बैठक स्वास्थ्य निर्देशनालयको बैठक हलमा सम्पन्न भयो। उक्त बैठक कोभिड - १९ को सन्दर्भमा प्रभावकारी रुपमा सूचना संकलन गर्नको निम्ति स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशले तयार गरिरहेको अनलाइन रिपोर्टिंग प्रणालीको विविध पक्षका बारेमा छलफल गर्नको निम्ति आव्हान गरिएको थियो ।



यसैबीच बैशाख १ गते नै सर्वसाधारणको लागि सूचना प्रवाह गर्नको निम्ति तयार गरिएको **'गण्डकी स्वास्थ्य'** मोबाइल एप्सको गण्डकी प्रदेशका माननीय सामाजिक विकास मन्त्रि नरदेवी पुन मगरज्यूले शुभारम्भ गर्नुभएको छ।



बाग्लुङस्थित धौलागिरी अंचल अस्पतालमा आइ.सी.यु र भेन्टिलेटर जडान सम्पन्न भएको छ।

उक्त अस्पताल गण्डकी प्रदेशको २ वटा हब अस्पतालमध्ये एउटा हब अस्पताल समेत हो





बैशाख २ गते गण्डकी प्रदेशका विभिन्न जिल्लामा चिकित्सक, प्रयोगशाला प्राविधिक र अन्य स्वास्थ्यकर्मीहरु सहितको टोलीले कोभिड-१९ सम्बन्धि अभिमूखीकरण, अस्पतालहरुमा संक्रमण नियन्त्रण र रोकथाम, स्रोत साधनको व्यवस्थापन र अनलाइन सूचना संकलन प्रणालीको बारेमा अभिमूखीकरण कार्यक्रम संचालन गर्नको निम्ति पूर्वतयारी बैठक सम्पन्न भयो । बैठकले जिल्लामा गरिने क्रियाकलापहरुको कार्ययोजना समेत तयार गरेको थियो भने जिल्लामा टोलीले अभिमूखीकरण शुरुवात गरिसकेको छ ।



बैशाख २ गते नै सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, चिकित्सा सेवा महाशाखाका प्रमुख डा. रामबहादुर के.सी. ले नवलपुरस्थित मध्यविन्दु अस्पतालको अनुगमन/निरीक्षण गर्नुभएको छ। उहाँले जिल्ला प्रशासन कार्यालय नवलपुरमा कोभिड-१९ सम्बन्धि कार्यक्रमहरुको जानकारी लिनुका साथै प्रदेश सरकारका कार्यक्रमहरुको बारेमा छलफल गर्नुभएको छ ।


बैशाख ३ गते गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयमा कोभिड-१९ को सम्भावित महामारी, संक्रमण नियन्त्रण, Case Management, Treatment Protocol आदिको बारेमा विभिन्न अस्पतालका प्रमुख तथा प्रतिनिधिहरुबीच छलफल भयो । छलफल पश्चात विभिन्न अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मी तथा स्वास्थ्य निर्देशनालयको संयुक्त टोली गण्डकी प्रदेशका ११ वटै जिल्लामा गई यसबारेमा अभिमूखिकरण गर्ने निर्णय गरियो । यसैगरी आज नै स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा गण्डकी प्रदेशमा स्वास्थ्य सम्बन्धि सूचना संकलन र व्यवस्थापन गर्नको निम्ति तयार गरिएको सफ्टवेयरको बारेमा छलफल तथा अभिमूखीकरण कार्यक्रम संचालन गरियो । यस सफ्टवेयरले अहिलेको परिप्रेक्ष्यमा स्थानीय तह देखि जिल्लासम्म कोभिड - १९ को विविध पक्षबारे सूचना संकलन गर्नको निम्ति प्रयोग गरिनेछ ।







गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ्ज्यूले आज प्रदेश भित्रका ११ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरुसंग भिडियो कन्फ्रेन्स बैठक गर्नुभयो । उक्त अवसरमा माननीय मुख्यमन्त्रीज्यूले जिल्लामा भैरहेको लकडाउन, औषधी तथा खाद्यान्नको आपुर्ती, शान्तिसुरक्षा, कोभिड-१९ संग सम्बन्धित कार्यक्रमहरुको अवस्थाका बारेमा जानकारी लिनुका साथै प्रदेश सरकारको तर्फबाट आवश्यक निर्देशन समेत प्रदान गर्नुभयो ।





भौतिक पूर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतज्यू, सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू लगायत अस्पताल व्यवस्थापन समितिको उपस्थितिमा लेखनाथ सामुदायिक लायन्स अस्पतालसंग समन्वयात्मक छलफल कार्यक्रम सम्पन्न भयो । गण्डकी प्रदेश सरकारले उक्त अस्पताललाई आफ्नो मातहतमा संचालन गर्ने प्रक्रियाको बारेमा छलफल भयो । यस छलफल कार्यक्रममा स्थानीय वन उपभोक्ता समितिका सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।



कोभिड -१९ संक्रमण नियन्त्रण तथा रोकथामका लागि अपनाउनुपर्ने सावधानी तथा उपचारमा गर्नुपर्ने प्रोटोकलको अभिमूखीकरणको लागि गण्डकी प्रदेश अन्तर्गतका ११ वटै जिल्लामा आज देखि नै विशेषज्ञ चिकित्सक, प्रयोगशाला प्राविधिक र स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको टोली खटिएको छ । टोलीमा सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख शम्भु ज्ञवाली, मणिपाल अस्पतालका डा सी.पी आचार्य, गण्डकी मेडिकल कलेजका डा संजीवमणि रेग्मी लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु तथा जिल्ला अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ स्टाफहरुसंग संयुक्त बैठक गरी Case Management, Treatment Protocol लगायतका विषयमा अभिमूखीकरण प्रदान गरेको छ । यसैगरी लमजुङ जिल्ला सामुदायिक अस्पतालमा सोहि विषयमा डा राजीव लालचन, डा मोनी सुवेदी लगायतको टोलीले अभिमूखीकरण संचालन गर्नुभएको थियो ।








स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवथापन केन्द्रका निर्देशक श्री खिमबहादुर खड्का ज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, प्रदेश जनस्वास्थ्य प्रयोगशाला गण्डकी प्रदेशका निमित्त निर्देशक सपना सुवेदीज्यू लगायतले सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यूसंगको संयुक्त बैठकमा कोभिड - १९ रोकथाम र नियन्त्रणका लागि भए गरेका विभिन्न प्रयासहरु तथा प्रयोगशाला परीक्षण, RDT किटबाट गरिएका परीक्षण, स्रोत तथा सामग्रीहरुको मौज्दात, आदि विषयमा दैनिक रुपमा जानकारी गराउंदै आउनुभएको छ ।

गण्डकी प्रदेशका विभिन्न अस्पतालका प्रमुखहरुसंग स्वास्थ्य निर्देशनालयका निर्देशकज्यूले भर्चुअल बैठक गर्नुभएको छ । कन्फ्रेन्स बैठकमा कोभिड -१९ महामारीको नियन्त्रण र रोकथाममा अस्पतालहरुले खेलेको भूमिका, अस्पतालमा रहेको स्रोत र साधनको अवस्था, चुनौतिहरु लगायतका विषयमा छलफल भएको थियो । उक्त कन्फ्रेन्स बैठकमा प्रदेश स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रका संयोजक नवराज शर्माको समेत उपस्थिति रहेको थियो भने धौलागिरी अंचल अस्पताल, स्याङ्जा अस्पताल, बेनी अस्पताल, गोरखा अस्पताल, दमौली अस्पताल, लगायतका अस्पताल प्रमुखज्यूहरुको उपस्थिति रहेको थियो ।



कोरोना भाइरस रोग (COVID-19) रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यविधि, २०७६ को दफा ८ बमोजिम गठित कोष संचालक समितिको आज माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङज्यू, कोष संचालक समितिका संयोजक तथा सामाजिक विकास मन्त्री माननीय श्री नरदेवी पुन मगरज्यू लगायत समितिका सम्पूर्ण सदस्यज्यूहरूको उपस्थितिमा बैठक बसी गण्डकी प्रदेश भित्रका बिभिन्न अस्पताल र स्वास्थ्य कार्यालयबाट गरिएको बजेट, जनशक्ति लगायतको माग तत्काल सम्बोधन गर्ने , ब्याक अप प्लान तयार पार्ने, अत्यावश्यक सामग्री खरिद गर्ने, कोषमा रकम जम्मा गरी योगदान गर्ने र आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्ने सहयोगी संस्थालाई धन्यवाद ज्ञापन गर्ने आदि निर्णय भयो ।



कोभिड -१९ नियन्त्रण र रोकथामका लागि अपनाउनुपर्ने सावधानी तथा उपचारका लागि अपनाउनु पर्ने प्रोटोकलको अभिमूखीकरणका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लामा खटिएका टोलीहरुले आज पनि त्यस कार्यलाई निरन्तरता दिएका छन् । यसैक्रममा आज नवलपुर स्थित मध्यविन्दु अस्पतालमा डा बद्रि प्रसाद पौडेल,





डा विष्णुराज तिवारी लगायतको टोलीले Infection Prevention Control, Case Management जस्ता विषयमा अभिमूखीकरण प्रदान गरेको छ । उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख, अस्पताल प्रमुख, सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो । यसै विषयमा मनाङ् र मुस्ताङमा पनि अभिमूखीकरण आजै सम्पन्न भएको छ ।

आज स्वास्थ्य निर्देशनालय पोखराबाट आएका डा हरूको टोलीद्वारा स्वास्थ्य कार्यालय म्याग्दीको समन्वयमा म्याग्दी स्थित कोभिड कमाण्ड पोष्टका सदस्यहरू र बेनी अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरका लागि आयोजना गरिएको अभिमुखिकरणमा सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगर ज्यूले सम्बोधन गर्नुभएको छ । कार्यक्रममा संघिय सांसद भुपेन्द्र थापा, प्रदेश सांसद विनोद केसी, जि स स प्रमुख देवेन्द्र बहादुर केसी लगायत प्र.जि.अ, जिल्ला कमाण्ड पोष्टका सदस्यहरू तथा बेनी अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।



यहि बैशाख ६ गते माननीय सामाजिक विकास मन्त्रीज्यूको उपस्थितिमा कोभिड - १९ रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापन सम्बन्धी समिक्षा बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका डा. तारानाथ पोखरेलको संयोजकत्वमा १२ सदस्यीय जनशक्ति तथा आपूर्ति परिचालन समिति गठन गरेको छ । यसैगरी यस समितिको TOR निर्माण गर्न सामाजिक विकास मन्त्रालयका शम्भु ज्ञवालीको संयोजकत्वमा ५ सदस्यीय प्राविधिक सल्लाहकार समितिको समेत गठन भएको छ ।

आज पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जनशक्ति तथा आपूर्ति परिचालन समितिको प्रथम बैठक सम्पन्न भएको छ । बैठकले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कोभिड - १९ उपचारको १ र २ तहको उपचार सेवा व्यवस्थापन गरि सो कार्यमा संलग्न स्वास्थ्यकर्मी, कर्मचारी, चिकित्सक र विशेषज्ञ चिकित्सकहरुका लागि होटल तथा यातायात व्यवस्थापन लगायत विविध पक्षमा निर्णय गरियो ।





विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं । होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछयानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने ।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने ।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने ।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने । हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने ।

ङ.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने । यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने । खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने ।

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ७ गते (४ बजे सम्म )
जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 548 | 144 | 140 | 0 | 4 |
| स्यांग्जा | 22 | 388 | 37 | 52 | - | 46191 | 15 | - | 601 | 453 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 210 | 42 | - | 713 | 522 | 12 | 12 | 0 | 0 |
| लमजुङ | 68 | 949 | 34 | 24 | 4 | 541 | 5 | - | 188 | 149 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 268 | 9 | 9 | 0 | 0 |
| पर्वत | 11 | 375 | 18 | 185 | - | 326 | 20 | 0 | 316 | 337 | 68 | 68 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 150 | 14 | 14 | 0 | 0 |
| बाग्लुङ्ग | 32 | 251 | 36 | 803 | - | 15028 | 12 | 1 | 836 | 1048 | 65 | 61 | 2 | 2 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 0 | 560 | 241 | 34 | 34 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 21 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 14 | - | - | - | - |
| **जम्मा** | 278 | 4003 | 223 | 2044 | 89 | 63061 | 279 | 1 | 4522 | 3751 | 503 | 495 | 2 | 6 |






प्रदेश न. ५ बाट गण्डकी प्रदेशमा प्रवेश गर्ने प्रवेशद्वार, स्याङ्जा जिल्लाको राम्दीमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको सक्रियता, स्वास्थ्य कार्यालय स्याङ्जाको प्राविधिक सहयोगमा सबै सवारी साधनहरुलाई क्लोरिनद्वारा निर्मलीकरण गर्ने कार्यको शुरुवात भएको छ



फोटो सौजन्य : परिचय एडभरटाइजिङ

पोखरा महानगरपालिका र नेपाल इन्जिनियरिङ एसोसिएसन (एनइए) गण्डकीको सहकार्यमा निर्माण गरिएको स्वचालित सेनिटाइजर टनेल महानगरको कार्यालय परिसरमा राखिएको छ । कोरोनाको महामारीले विश्व नै आक्रान्त बनेको बेलामा होलबडीलाई सेनिटाइज गरी मानिसको कपडामा भएको भाइरसलाई मार्ने स्वाचालित सेनिटाइजर टनेलको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आइतबार शुभारम्भ गर्नुभयो ।कार्यक्रममा बोल्दै मुख्यमन्त्री गुरुङले कोरोना भाइसरबाट बच्ने पहिलो विकल्प लकडाउन भएको बताउँदै उहाँले सधै लकडाउन सम्भव नहुने भएकाले विज्ञानले विकास गरेको प्रविधिलाई प्रयोग गरेर कोरोनालाई नियन्त्रण गर्नुपर्ने बताउनुभयो । उहाँले कोरोनाले अहिले हाम्रो दैनिकलाई मात्र असहज बनाएपनि यसले दीर्घकालीन रुपमा पार्ने आर्थिक असरलाई पनि अहिले देखि नै 'मेकअप' गर्ने योजनासहित काम गर्नुपर्ने बताउनुभयो । लकडाउनको विकल्पमा विज्ञानले विकास गरेको प्रविधिलाई कोरोना संक्रमण रोकथाममा प्रयोग गर्नुपर्ने उहाँको भनाइ रहेको छ ।

**साबुन पानीले हात मिचीमिची धोऔं ।**
**मास्क र स्यानीटाईजर को प्रयोग गरौं ।**

**लक डाउनको बेला घरमै बस्नुहोस । अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस । सामाजिक दुरी कायम राख्नुहोस ।**

प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको सम्पर्क
**फोन: ०६१- ५२४०७४, टोल फ्री : १०९२**
**इमेल : pokharapheoc@gmail.com**

**प्रधान सम्पादक**: डा. बिनोद बिन्दु शर्मा **सम्पादकहरू** : श्री खिमबहादुर खड्का, श्री शम्भु ज्ञवाली, डा. रामबहादुर के.सी, डा. राजिब लालचन, श्री नबराज शर्मा, श्री अनिल राई, श्री शंकर अधिकारी, श्री सुरक्षा श्रेष्ठ